कञ्चन गाउँपालिका
Kanchan Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipl Executive

कञ्चन २, रुपन्देही / Kanchan-2, Rupandehi

पत्र संख्या / Ref. No. : - २०७७/०७८ — प्रदेश नं.५, नेपाल

चलानी नम्बर/ Dispatch No. : - — Province No. 5, Nepal

मितिः २०७७।०७।०३

### विषयः ह्याचरी स्थापनाको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

यस कन्चन गाउँपालिकाको आ.व. २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम यस गाउँपालिका भित्र सन्चालित दर्ता वाला कुखुरा फार्महरुले आफ्नै फार्ममा ह्याचरी मेशिन जडान गरी चल्ला उत्पादन गरी पाल्ने वा बिक्री बितरण गर्ने गरी ५० प्रतिशत साझेदारीमा सहभागि भई सन्चालन गर्न तपसिल बमोजिमको प्रकृया पुगेको इच्छुक फार्म/ब्यवसायीले सोही बमोजिमको कागजात सहित २०७७।०७।२८ गते भित्र यस गाउँपालिकाको पशु सेवा शाखामा प्रस्ताव दर्ता गराई माँग गर्नको लागि यो सूचना आह्वान गरिएको छ ।

तपसिल

१.अनुसूची २ अनुसारको आवेदन फाराम
२.अनुसूची ३ अनुसारको संक्षिप्त ब्यवसायिक कार्ययोजना
३.नेपाली नागरिकता / तालिम / शैक्षिक योग्यता र अनुभवको प्रमाण-पत्रको प्रतिलिपी
४.यो सूचना प्रकाशन हुन भन्दा अगाडि दर्ता भएको फार्म दर्ताको प्रमाण पत्रको प्रतिलिपी

अन्य प्रावधानहरु

अनुदानको विषय क्षेत्र र रकम विवरणः

| क्र.स. | अनुदानको विषय क्षेत्र | संख्या | गा.पा. को प्रति फार्म अधिकतम सहयोग रकम रु | प्रति आवेदकको न्युनतम साझेदारी रकम रु. | न्युनतम प्रावधान |
|---|---|---|---|---|---|
| १ | प्रति लट ५०० भन्दा बढी अण्डा ह्याचिङ्ग गर्ने ठूलो मेशिन जडान गर्ने | १ | ४,००,०००। | न्युनतम ५० प्रतिशत | ब्यवस्थित तारबार/ कम्पाउण्ड सहित कम्तिमा १००० स्थानीय कुखुरा पालन गरेको |
| २ | प्रति लट ५०० सम्म अण्डा ह्याचिङ्ग गर्ने मझौला मेशिन जडान गरी चल्ला उत्पादन गर्ने | १ | १,००,०००। | न्युनतम ५० प्रतिशत | ब्यवस्थित तारबार/ कम्पाउण्ड सहित स्थानीय कुखुरा पालन गरेको |
| ३ | सानो ह्याचिङ्ग मेशिन जडान गरी चल्ला उत्पादन गर्ने | ४ | ५०,०००। | न्युनतम ५० प्रतिशत | ब्यवस्थित तारबार/ कम्पाउण्ड सहित स्थानीय कुखुरा पालन गरेको |

नोटः थप जानकारीको लागि पशु सेवा शाखा बेलभरियामा सम्पर्क राख्न सकिने छ ।

लेख बहादुर बस्नेत
प्रमख प्रशासकीय अधिकृत
लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

E-mail:- kanchangaupalika@gmail.com, info@kanchanmun.gov.np
Website: - www.kanchanmun.gov.np

अनुसूची २

श्रीमान् प्रमुख ज्यू                                                                  मिति :-

कन्चन गाउँ पालिका

गाउँ कार्यपालिकाको कार्यालय

गजेडी, रुपन्देही

विषय :- अनुदान सहयोग सम्बन्धमा

महोदय ,

यस कन्चन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको मिति २०७७/ / गतेको प्रकाशित सूचना अनुसार सूचनाको मापदण्ड बमोजिम मेरो फार्म भएको र मलाई सहकार्यमा फार्म सुदृढीकरण कार्य गर्ने इच्छा भएकोले उक्त कार्यको अनुदान सहयोग पाउँ भनी तपसिल बमोजिमका कागजपत्रहरु राखी निवेदन पेश गरेको छु ।साथै उक्त कार्यक्रममा छनौटमा परेमा तोकिएको अवधि भित्र गाउँपालिकाबाट पाउने अनुदान र आफ्नो तर्फको साझेदारी रकम समेत लगानी गरी कार्य सम्पन्न गरी मात्र अनुदानको रकम माँग गर्ने प्रतिबद्धता जाहेर गरेको छु ।

तपसिल

१. अनुसूची ३ अनुसारको संक्षिप्तकार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. तालिम/ शैक्षिक योग्यता/अनुभवको प्रमाण पत्रको प्रतिलिपी
४. फार्म दर्ताको प्रमाणित प्रतिलिपी

निवेदक
फार्मको नाम
फार्म धनीको नाम
ठेगाना
दस्तखत
मिति
मो नं.